# रोजगार संयोजकका लागि आवेदन दिने उम्मेदवारहरुका लागि जानकारी

## क) Online Application मार्फत् दरखास्त दिँदा ध्यान दिनुपर्ने कुराहरु

### दरखास्त फारम भर्नुभन्दा पहिला उम्मेदवारलाई आवश्यक पर्ने कुराहरु

- उम्मेदवारको हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटोको डिजिटल प्रति एक वटा **(बढीमा ५० पिक्सेल सम्मको JPEG Format)**
- उम्मेदवारको नागरिकताको प्रमाणपत्रको डिजिटल प्रति एक वटा **(बढीमा १०० kb सम्मको JPEG)**
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र (लब्धाङ्क पत्र) को डिजिटल प्रति **(बढीमा १५० kb सम्मको JPEG)**
- न्यूनतम शैक्षिक योग्यताभन्दा एक तह माथिको शैक्षिक योग्यता भएमा सो को प्रमाणपत्र (लब्धाङ्क पत्र) को डिजिटल प्रति **(बढीमा १५० kb सम्मको JPEG)**
- कम्तीमा २ वर्ष कार्य गरेको अनुभवको प्रमाणपत्र **भएमा** सोको डिजिटल प्रति एक प्रति **(बढीमा १५० kb सम्मको JPEG)** । **(**यसका लागि एक भन्दा बढी संस्थामा काम गरेको भएमा कम्तीमा २ बर्ष कार्य अनुभव देखिने प्रमाणपत्रहरु स्क्यान गरी एउटै फाइलमा राख्ने)

### Online फारम भरी आवेदन गर्ने तरिका

- प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np मा रहेको Application मा Click गरेपछि देखिने शर्तहरु राम्रोसँग पढी Proceed भन्ने लिङ्कमा Click गर्ने र त्यसपछि देखिने फारममा आफ्नो सम्पूर्ण विवरण भर्ने ।
- शाखा अधिकृत सरहको रोजगार संयोजक वा नायव सुब्बा सरहको रोजगार संयोजक मध्ये कुन पदमा आवदेन गर्ने हो सुरुमै छनौट गर्ने। दुवै पदमा आवेदन दिने भएमा फरक फरक इमेल ठेगाना चाहिने र आवेदन पनि फरक फरक गर्नुपर्नेछ।
- उम्मेदवारले कुन प्रदेशको लागि आवेदन गर्ने हो छनौट गर्ने ।
- निर्दिष्ट लिङ्कहरुमा गई माग भएको फोटो, नागरिकता, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र एक तह माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र (उपलब्ध भएमा) एवम् अनुभव सम्बन्धी Document Attach गर्ने ।
- योग्यता तथा अनुभवका प्रमाणपत्रका प्रतिलिपीहरु उम्मेदवार स्वयम्ले हस्ताक्षर सहित प्रमाणित गरी पेश गर्ने ।
- आफ्नो सबै विवरण भरिसकेपछि फारमको अन्तिममा रहेको Login Detail मा माग भएको विवरण (इमेल ठेगाना र आवेदन प्रक्रियामा भविष्यमा प्रयोग गर्ने प्रयोजनका लागि छुट्टै Password) राख्ने।
- सबै विवरण भरिसकेपछि फारमको अन्तिममा रहेको Save लिङ्कमा Click गर्ने ।
- Save लिङ्कमा Click गरिसकेपछि सफ्टवेयरले Are you sure to submit the form? भन्ने प्रश्न सोध्छ। त्यसपछि आफूले भरेको सबै विवरण ठीक छ छैन रुजु गर्ने । यदि ठीक भएमा Ok मा Click गर्ने।
- विवरण दुरुस्त नभएमा Cancel गरी सच्याउने । सच्याइसकेपछि पुनः save लिङ्कमा Click गरी पुनः रुजु गरी ok मा Click गर्ने।
- फारम पेश भएपछि आवेदकको ईमेल ठेगानामा प्रमाणीकरण लिंक (Verification Link) पठाइनेछ। आवेदकले उक्त लिङ्कमा Click गरी Login गरेपछि मात्र प्रमाणित भै निजले आफ्नो प्रवेशपत्र प्रिन्ट गर्न सक्नेछ। यसरी प्रमाणीकृत नहुने आवेदकको आवेदन स्वीकृत भएको मानिने छैन।

### परीक्षा दस्तुर

- आवेदनका लागि कुनै पनि प्रकारको दस्तुर बुझाउनु नपर्ने।

**<u>प्रवेश पत्र लिने तरिका</u>**

- आवेदन दर्ता गरिसकेपछि Online मा नै आवेदकको प्रवेशपत्र सिर्जना हुनेछ । यस्तो प्रवेशपत्र आवेदकले प्रिन्ट गरी भविष्यमा हुने कम्प्युटर सीप परीक्षण, करार सम्झौता लगायतका प्रक्रियाहरुमा अनिवार्य रुपमा पेश गर्नुपर्ने भएकोले सुरक्षित राख्नुपर्नेछ।

**ख) <u>छनौटको तरिका</u>**

- अनलाइन प्रणालीमार्फत आवेदन दिने मिति समाप्त भएपछि पहिलो चरणको छनौटमा देहायबमोजिम अङ्क प्रदान गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको प्रारम्भिक नतिजा प्रदेशगत रुपमा प्रकाशन गरिनेछ। यस्तो सूचीमा उपलब्ध भएसम्म माग संख्याको तीनगुणा उम्मेवारहरु छनौट हुनेछन्।

  (क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशतबापत ७० अंक,
  (ख) न्यूनतम भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता बापत २० अंक, र
  (ग) नेपाल सरकारद्वारा संचालित कार्यक्रम, साबिकका स्थानीय निकाय वा हालका स्थानीय तहहरु वा संयुक्त राष्ट्रसंघीय निकायहरु (यूएन एजेन्सी) वा नेपाल स्थित विकास साझेदार निकाय वा कुटनीतिक निकायहरुका कार्यक्रममा रोजगारी, विकास, सामाजिक परिचालन, नीति तथा योजना, गरिबी निवारण, तथ्यांक व्यवस्थापन वा सूचना प्रविधिको क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव बापत १० अंक ।
  दुई वर्षभन्दा कम अवधिको अनुभव वापत अङ्क प्रदान गरिने छैन ।

  न्यूनतम शैक्षिक योग्यताको लब्धांक बापतको अंक निर्धारण देहाय अनुसारको सूत्रको प्रयोग गरी गरिनेछः

  <u>न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रतिशत</u>*७०
  १००

- दोस्रो चरणका लागि पहिलो चरणबाट छनौट भएका उम्मेदवारहरुलाई आवेदन गरेको सम्बन्धित प्रदेशमा कम्प्युटर सीप परीक्षा सञ्चालन गरी सो परीक्षामामा प्राप्त अङ्कका आधारमा बैकल्पिक योग्यताक्रम सहितको अन्तिम सिफारिस सूची तयार गरिनेछ ।

थप जानकारीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको Website www.pmep.gov.np मा जानुहोस ।